## १. पृष्टभूमि

भीमेश्वर नगरपालिका बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको सदरमुकाममा अवस्थित ऐतिहासिक .पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टीकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो । यस नगरपालिकामा ९ वटा वडाहरू रहेका छन् । यस नगरपालिकाको केन्द्र चरिकोट नेपालको राजधानी काठमाण्डौबाट १३३ कि.मि. उत्तरपूर्वमा अवस्थित छ । यस नगरपालिकाको क्षेत्रफल १३२.५० वर्ग कि.मि. रहेको छ ।

यस नगरपालिकाले वडा नं. २, ३ र ६ लगायतका मुख्य शहरी क्षेत्रका घर, पसल, होटल तथा अन्य व्यवसायिक क्षेत्रबाट उत्पादित फोहोरहरुको व्यवस्थापन गर्दै आइरहेको छ । हाल उत्पादित फोहोर करिव ३ टन प्रति दिन रहेको छ । वजार क्षेत्रबाट उत्पादन हुने फोहोरहरुको व्यवस्थित संकलन, ढुवानी र विसर्जन गर्नका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ एवं भीमेश्वर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी ऐन तथा नियमावली, २०७७ मा आधारित सार्वजनिक  नीजि साझेदारी नीति मार्फत नीजि क्षेत्रलाई ५ बर्षका लागि  छनौट गर्न यो ‘‘कार्य क्षेत्रगत शर्त (Terms of Reference, ToR) तयार गरिएको छ ।

## २. उद्देश्य

'हाम्रो नगर, सफा शहर' अभियान मार्फत संमृद्ध भीमेश्वर निर्माणका लागि निम्नानुसार प्रमुख उद्देश्य लिइएको छ ।

क) शहरी क्षेत्रका नगरबासीहरुमा  सरसफाई सम्बन्धि जनसचेतना अभिबृद्धि गर्ने ।

ख) उत्पादित ठोस फोहोरहरुको व्यवस्थित संकलन, ढुवानी र विसर्जन गर्ने ।

## ३. सेवाका कार्यक्षेत्रहरु

१) नगरपालिकाको शहरी क्षेत्रमा घरघर मै सरसफाई शिक्षा, फोहोरको बर्गिकरण तथा स्रोत मै फोहोर छुट्टाउने तरिका सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्ने ।

२) स्रोतमै कुहिने र नकुहिने फोहोर छुट्याएको सुनिश्चित गरी तोकिएको तालिकामा  छुट्टाछुट्टै फोहर संकलन गर्ने ।

३) प्रत्येक दिन बिहान ६ बजे अगाडि नै तोकिएको वजार क्षेत्रका सडकहरु सफा गर्ने ।

४) तोकिएका रंग, गुणस्तर र साइजका प्लाष्टिक झोलाहरुमा फोहोर संकलनको व्यवस्था मिलाउने ।

५) तोकिए बमोजिम झोलामा बन्द गरिएका फोहोर सडकमा नछरिने गरी ढुवानी गर्ने ।

६) कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गर्ने । नगरपालिकाको क्षेत्रभित्र नगरपालिकाले तोकेको मूल्यमा विक्रिवितरणको व्यवस्था मिलाउने

७) पुनचक्रिय फोहोरका स्रोतलाई कम्प्याक्टिङ्ग गरी विक्री गर्ने ।

८) हानिकारक फोहोरहरु तोकिएको स्थलमा सुरक्षित विषर्जन गर्ने ।

९) फोहरमैला व्यवस्थापन  डिजिटल रेकर्ड व्यवस्थापन (Digital Record Management, DRM) को प्रयोग गर्ने ।

१०) प्रशोधन केन्द्रको समुचित व्यवस्थापन गर्ने ।

११) गारवेज कम्प्याक्टर र कनभेयर बेल्ट संचालनका लागि तालिम प्राप्त अनुभवी जनशक्ति व्यवस्थापन गर्ने ।

१२) सरसफाईमा संलग्न जनशक्तिको आवश्यक सुरक्षा र विमाको प्रवन्ध गर्ने ।

१३) नगरपालिकाबाट हस्तान्तरण/स्थापना गरिएका यन्त्र, उपकरण र सवारी साधनहरुको संचालन, व्यवस्थापन तथा मर्मत संहार गर्ने ।

१४) फोहरमैला व्यवस्थापन तथा आवश्यक जनशक्ति र उपकरण संचालन गर्न कम्तिमा तीन महिना अवधिका लागि संस्थाको आर्थिक क्षमता हुनुपर्ने ।

१५) फोहरमैला व्यवस्थापनमा संलग्न जनशक्तिहरुको पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले तोकेको कम्तीमा न्यूनतम पारिश्रमिकभन्दा नघट्ने गरी भुक्तानी गर्ने । न.पा. बाट तोके वमोजिम काम गरेको दिनको खाजा भत्ता समेत उपलव्ध गराउनुपर्ने छ ।

१६) फोहोरमैला व्यवस्थापनको मासिक/आवधिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

१७) सरोकारवालाहरुसँग समन्वय तथा सहजीकरणको भूमिका निर्वाह गर्ने ।

१८) फोहरमैला ढुवानीको लागि बैकल्पिक सवारी साधनको व्यवस्था गर्ने ।

१९) स्थानीय समुदायलाई ज्ञान, सिप, क्षमता र प्रविधि हस्तान्तरण गर्ने ।

२०) भीमेश्वर नगरपालिकाले सरसफाई सेवा शुल्क उठाउन अनुमती उपलव्ध गराउनेछ । सरसफाई शुल्कको दररेट भीमेश्वर नगरपालिकाबाट स्वीकृत आर्थिक ऐन अनुसार कायम गरिने छ ।

## ४. संस्था छनौटको विधि

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१-(४घ) बमोजिम हुनेछ ।

### संस्था छनौटका लागि प्रविधिक प्रस्ताव मूल्यांकनका आधारहरु

| सि. नं. | विवरण | सूचकहरु | अधिकतम अंक |
|---|---|---|---|
| १ | **संस्था/फर्मका कागजातहरु ( संलग्न गर्नुपर्ने न्यूनतम कागजातहरु)** | | १० |
| | | दर्ता/नवीकरण (आव २०७८/७९) | |
| | | मूअकर दर्ता | |
| | | कर चुक्ता विवरण (आव २०७७/७८) | |
| २ | **संस्था/फर्मको प्रावधिक क्षमता (उपकरण समेत)** | | १० |
| | | बैकल्पिक ढुवानीको साधन (ट्रक/ट्याक्टर) | |
| | | आफ्नै नाममा भएमा (सवारीको ब्लुबुक, विमा, नवीकरण र सवारीचालकको अनुमतिपत्र ), प्रति सवारी ५ अंक | १० |
| | | भाडामा लिएको भएमा (सवारीको ब्लुबुक, विमा, नवीकरण र सवारीचालकको अनुमतिपत्र ), प्रति सवारी ५ अंक | ५ |
| | **जनशक्ति** | | २५ |
| | क) सरसफाई सुपरभाइजर | स्नातक वा सो भन्दा माथि (बातावरण विज्ञान, सिभिल इन्जिनियरिङ्ग वा सो सरह)को लागि ४ अंक, १२ कक्षा वा सो सरहको लागि २ अंक | ४ |
| | | कार्यानुभव (प्रति वर्ष २ अंक) | ६ |
| | | सम्बन्धित विषयमा तालिम (न्यूनतम ३ दिने प्रति तालिम २ अंक) | २ |
| ३ | | मेसिन संचालन तालिम (न्यूनतम ३ दिने प्रति तालिम २ अंक) | ४ |

| | | | |
|---|---|---|---|
| | ख) कम्प्याक्टर मेसिन अपेरेटर | कार्यानुभव (प्रति वर्ष ३ अंक) | ९ |
| ४ | **आर्थिक क्षमता** | | १० |
| | | कम्तिमा तीन महिनासम्म नियमित कार्य संचालन गर्न नौ लाख नगद मौज्दात रहेको बैंक स्टेटमेन्ट सहितको प्रतिवद्धतापत्र | |
| ५ | **सम्बन्धित क्षेत्रमा कार्यानुभव** | | १८ |
| | | सार्वजनिक निकायमा **Solid Waste Management** क्षेत्रको कार्यानुभव ( प्रति वर्ष २ अंक) | ८ |
| | | स्रोत मै फोहर छुट्टयाई पुनर चक्रण तथा विकि बन्दोबस्त (प्रति वर्ष २ अंक) | १० |
| ६ | **कार्यसंचालन प्रकिया र कार्ययोजना** | | १२ |
| | | विस्तृत कार्य संचालन योजना (जनचेतना अभिबृद्धि, स्रोत मै फोहर छुट्टयाउने, सुरक्षित तरिकाले ढुवानी गर्ने, उपकरणहरु संचालन गर्ने, फोहरलाई पुनः छुट्टयाउने, पुनरचक्रण (च्भअथअभि)/प्रशोधन गर्ने, बजारीकरण, बातावरण ब्यवस्थापन योजना, समन्वय/संचार र समग्र कार्ययोजना) | |
| ७ | **प्रविधि हस्तान्तरण** | | ५ |
| | | स्थानीय समुदायलाई ज्ञान, तालिम तथा प्रविधि हस्तान्तरण गर्ने योजना सहितको प्रतिबद्धतापत्र | |
| ८ | **नगरपालिकाबाट उपलब्ध हुने सवारी साधनहरु तथा जडान हुने थप उपकरणहरुको संचालन तथा मर्मत** | | ५ |
| | | नगरपालिकाबाट उपलब्ध गराइने सवारी साधन तथा उपकरणहरुको संचालन तथा मर्मत कार्ययोजना सहितको प्रतिबद्धतापत्र | |
| ९ | **प्रस्तावकले जडान गर्ने थप उपकरण/प्रविधि तथा औजार विवरण एवं कार्यालय ब्यवस्थापन** | | ५ |
| | | कम्प्युटर, ठेलागाडा लगायतका उपकरणहरु थप गर्ने योजना सहितको प्रतिबद्धतापत्र | |
| | | कूल अंक | १०० |

**प्राविधिक प्रस्ताव उत्तिर्णको लागि न्यनतम ८० अंक प्राप्त गर्नु पर्नेछ।**

**५. नगरपालिकाबाट प्राप्त हुन सक्ने सेवा/सुविधाहरु**

१) ट्रिपर २ र सक्सन ट्यांक १ (चालु हालतमा रहेको) गरी ३ वटा

२) हेभी सवारी चालक २ जना र सरसफाई कर्मचारीहरु ८ जना गरी १० जना

३) सरसफाई केन्द पूर्वाधार १ वटा

४) छाना सहितको कन्भेयर बेल्ट १ वटा

५) फोहोरलाई न्यून आयतनमा रुपान्तरण गर्न गारवेज कम्प्याटर मेसिन १ वटा

६) पहुँच मार्गको नियमित मर्मत संहार हुने ।

७) विवाद समाधानमा सहजीकरण गर्ने ।

८) संलग्न जनशक्तिको क्षमता विकासमा तालिमको व्यवस्था गर्ने ।

**६. प्रस्ताव पत्रसाथ संस्थाले पेश गर्नुपर्ने**

१) फोहरमैला ५ वर्षे रणनीतिक कार्य योजना (नगरपालिकासँग प्रस्ताव गरिने आर्थिक व्ययभारको घटाघट तथा नगरपालिकालाई उपलब्ध गराउने सेवाको बढाबढको प्रस्तावपत्र)

२) विस्तृत परियोजना प्रस्ताव (फोहोरलाई स्रोतमा छुट्याउने, व्यवस्थित ढुवानी गर्ने, सरसफाई केन्द्रमा प्रशोधन गर्ने र विकि गर्ने योजना । उक्त योजनामा संचालन, वित्तिय र जनशक्ति योजना समावेश हुनु पर्ने)

३) जनशक्तिको संख्या, सेवा सुविधा, विमा, तालिम लगायतको विस्तृत योजना

४) प्रत्येक वर्ष थप गर्दै जाने प्रविधि र उपकरणहरुको विवरण

६) अन्य केही भए खुलाउने ।

## ७. आर्थिक प्रस्ताव पेश गर्ने ढाँचा

| क.सं. | भीमेश्वर नगरपालिकाबाट फोहोरमैला व्यवस्थापन गर्न उपलब्ध हुने अधिकतम रकम रु. (मासिक) | प्रस्तावकको कवोल अंक | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आर्थिक वर्ष | रकम रु. (अंकमा) | रकम रु. (अक्षरमा) | |
| १. | २ लाख | २०७९/८० | | | |
| २. | | २०८०/८१ | | | |
| ३. | | २०८१/८२ | | | |
| ४. | | २०८२/८३ | | | |
| ५. | | २०८३/८४ | | | |